# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ५) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार २७ गते २०७९ (संख्या २**


## भाग १

## विनियोजन ऐन, २०७९

**(गाउँ सभाबाट पारित)**

(गाउँ सभाबाट स्वीकृत मिति २०७९।०३।२५)

**प्रस्तावना :** बैतेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उप-धारा(२) बमोजिम बैतेश्वर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **बैतेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक बर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**
(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.५५,६५,९०,०००। (पचपन्न करोड पैसठ्ठी लाख नब्बे हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त बैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा

अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकहरुबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीषर्कहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

## आगामी आर्थिक वर्ष २०७९/०८० को आय तथा व्ययको विवरण

| क.स. | निकाय | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकार | समानीकरण अनुदान | १३,३८,००,०००.०० | रु.तेह्र करोड अठ्तीस लाख मात्र । |
| | | सर्शत अनुदान | २०,५७,००,०००.०० | रु.बिस करोड सन्ताउन्न लाख मात्र । |
| | | विषेश अनुदान | १,३०,००,०००.०० | रु.एक करोड तिस लाख मात्र । |
| | | राजश्व बाँडफाँड | ७,७७,११,०००.०० | रु.सात करोड सतहत्तर लाख एघार हजार मात्र । |
| | | समपुरक अनुदान | ७०,००,०००.०० | रु.सत्तरी लाख मात्र । |
| | जम्मा | | ४३,७२,११,०००.०० | रु.त्रिचालिस करोड बहत्तर लाख एघार हजार मात्र । |
| २ | प्रदेश सरकार | समानीकरण अनुदान | १,२९,३५,०००.०० | रु.एक करोड उनान्तीस लाख पैतिस हजार मात्र । |
| | | सर्शत अनुदान | २,५९,८४,०००.०० | रु.दुई करोड उनान्साठी लाख चौरासी हजार मात्र । |
| | | विषेश अनुदान | १,३०,००,०००.०० | रु.एक करोड तीस लाख मात्र । |
| | | राजश्व बाँडफाँड | १,६८,३३,०००.०० | रु.एक करोड अठसठ्ठी लाख तेत्तीस हजार |
| | | समपुरक अनुदान | २,९९,६७,०००.०० | रु.दुई करोड उनान्सय लाख सठसठ्ठी मात्र । |
| | जम्मा | | ९,८७,१९,०००.०० | रु.नौ करोड सतासी लाख उन्नाइस हजार मात्र । |
| ३ | आन्तरीक श्रोत अनुमानित | संचित कोष | १,०४,००,०००. | रु.एक करोड चार लाख मात्र । |
| | | राजश्व(आन्तरीक आय) | १,०२,६०,०००. | रु.एक करोड दुई लाख साठी हजार मात्र । |
| | जम्मा | | १,४५,००,०००.०० | रु.एक करोड पैतालिस लाख मात्र । |
| **कुल जम्मा** | | | **५५,६५,९०,०००.००** | रु.**पचपन्न करोड पैसठ्ठी लाख नब्बे हजार मात्र ।** |

**आज्ञाले**

**गणेश राम पोखरेल**

**प्रमुख प्रशासकीय अधिकृत**